विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. गंगादेवी श्रेष्ठ
२.	मा. भीम कुमारी बुढामगर
३.	मा. साजिदा खातुन सिद्धिकी
४.	मा. ऐन बहादुर महर
५.	मा. भरत कुमार स्वार मा. रुक्मिणी देवी कोइराला मा. खड्ग शाही
६.	मा. रेखा कुमारी यादव मा. कालि बहादुर सहकारी मा. हरिना देवी कामी मा. नीनु कुमारी कर्ण
७.	मा. कृपाराम राना
८.	मा. परशुराम तामाङ्ग

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
९.	मा. अनुश्का श्रेष्ठ
१०.	मा. क्रान्तिशिखा धिताल
११.	मा. गणेश कार्की
१२.	मा. डा. प्रमिला कुमारी गछदार
१३.	मा. गुरु प्रसाद बराल
१४.	मा. मनिष झा
१५.	मा. कमल सुबेदी
१६.	मा. ज्ञानु पौड्याल
१७.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ
१८.	मा. प्रकाशचन्द्र परियार
१९.	मा. लिमा अधिकारी (आचार्य)
२०.	मा. रमेश कुमार मल्ल

<u>संशोधनको विवरण:</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१.	मा. रेखा कुमारी यादव मा. कालि बहादुर सहकारी मा. हरिना देवी कामी मा. नीनु कुमारी कर्ण	प्रस्तावना	**<u>प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नुपर्ने</u>:-** "**<u>प्रस्तावना</u>** : बालबालिकालाई कलकारखाना, खानी वा अन्य जुनसुकै जोखिमपूर्ण वा गैर-जोखिमपूर्ण काम तथा व्यवसायमा श्रमिकको रूपमा लगाउने कार्यलाई पूर्ण रूपमा रोकथाम तथा निवारण गर्न; बालबालिकाको स्वास्थ्य, सुरक्षा, शिक्षा, सामाजिक विकास, शारीरिक तथा मानसिक कल्याण र मर्यादित जीवनयापनमा प्रतिकूल असर नपर्ने वातावरणको सुनिश्चितता गर्न र बालबालिकासम्बन्धी प्रचलित कानुनलाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,"
२.	मा. साजिदा खातुन सिद्धिकी	प्रस्तावना	**<u>प्रस्तावनामा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "बालबालिकाको सर्वोत्तम हित, शिक्षा, स्वास्थ्य, सुरक्षा, मर्यादित जीवन तथा सामाजिक विकास सुनिश्चित गर्ने"
३.	मा. कृपाराम राना	प्रस्तावना	**<u>प्रस्तावनामा रहेका,</u>** - "शैक्षिक क्रियाकलाप तथा" भन्ने शब्दहरूपछि "सर्वाङ्गीण (All Round)" भन्ने शब्द थप गर्नुपर्ने।
४.	मा. परशुराम तामाङ्ग	प्रस्तावना	**<u>प्रस्तावनामा रहेका,</u>** - "अन्य काममा...मर्यादित बनाउन" भन्ने शब्दहरूका सट्टा "निजको स्वास्थ्य, सुरक्षा, सामाजिक एवं शैक्षिक क्रियाकलाप र विकासमा बाधा पुग्ने कामबाट बालश्रमलाई रोकथाम र निवारण गर्न" भन्ने शब्दहरू राख्नुपर्ने।
५.	मा. डा. प्रमिला कुमारी गछदार	प्रस्तावना	**<u>प्रस्तावनामा,</u>** - "बालश्रमको पूर्ण रोकथाम र निवारण" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- प्रस्तावनामा रहेको"नैतिकता" भन्ने शब्द हटाउनुपर्ने।
६.	मा. कमल सुबेदी	प्रस्तावना	<u>प्रस्तावनामा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "बालश्रमको रोकथाम, उन्मूलन, उद्धार, संरक्षण, पुनर्स्थापना, पुनर्मिलन, सामाजिक समावेशीकरण तथा बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने"
७.	मा. ज्ञानु पौड्याल	१	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) यस ऐनको नाम "बालश्रम (निषेध तथा नियमन गर्ने) ऐन, २०८३" रहेको छ।"
८.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
९.	मा. प्रकाशचन्द्र परियार		
१०.	मा. रेखा कुमारी यादव मा. कालि बहादुर सहकारी मा. हरिना देवी कामी मा. नीनु कुमारी कर्ण	२	<u>खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>:- "(ख) कार्यालय भन्नाले श्रम तथा रोजगारसम्बन्धी विषय हेर्ने सङ्घीय सरकार, प्रदेश सरकार वा स्थानीय तहअन्तर्गत तोकिएको कार्यालय, विभाग, महाशाखा वा शाखालाई सम्झनुपर्छ।" <u>खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्नुपर्ने</u>:- "(ज) मन्त्रालय भन्नाले श्रम तथा रोजगारसम्बन्धी विषय हेर्ने नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
११.	मा. परशुराम तामाङ्ग	२	**<u>खण्ड (ख) मा रहेका,</u>** - "नेपाल सरकारको कार्यालय" भन्ने शब्दहरूका सट्टा "सङ्घीय, प्रदेश र स्थानीय तह अन्तर्गतका सबै कार्यालय" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>खण्ड (ज) मा रहेका,</u>** - "नेपाल सरकारको" भन्ने शब्दहरूपछि "युवा, श्रम तथा रोजगार" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>खण्ड (ट) मा रहेको,</u>** - "श्रमिक" भन्ने शब्दको सट्टा "बाल श्रमिक" भन्ने शब्दहरू राख्नुपर्ने।
१२.	मा. अनुश्का श्रेष्ठ	२	**<u>खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गर्नुपर्नेः-</u>** "(घ१) "निकृष्ट प्रकारको बालश्रम" भन्नाले देहायका काम सम्झनुपर्छः- (१) बालबालिकाको खरिद बिक्री, बेचबिखन, ऋण बन्धक, कमैया, हलिया वा यस्तै दासताजन्य तथा बलपूर्वक श्रम, (२) बालबालिकालाई यौनजन्य कार्य, अश्लील सामग्री उत्पादन वा अश्लील प्रदर्शनमा प्रयोग गर्ने, (३) लागुऔषध वा अन्य गैरकानुनी कार्यको उत्पादन, ओसारपसार वा बिक्री वितरणमा प्रयोग गर्ने, (४) सशस्त्र द्वन्द्व वा सुरक्षा जोखिम रहेको कार्यमा संलग्न गराउने, (५) सडक, सार्वजनिक स्थल वा सवारीसाधनमा माग्ने कार्यमा लगाउने।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१३.	मा. डा. प्रमिला कुमारी गछदार	२	<u>खण्ड (ट) मा रहेको,</u> - "श्रमिक" भन्ने शब्दको सट्टा "बाल श्रमिक" भन्ने शब्द राख्नुपर्ने।
१४.	मा. मनिष झा	२	<u>देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ठ१) "हलुका काम" भन्नाले शारीरिक, मानसिक वा नैतिक स्वास्थ्यमा हानि नपुग्ने, विद्यालयमा नियमित उपस्थितिमा बाधा नपार्ने, व्यावसायिक तालिम वा सिकाइमा असर नपार्ने तथा बालबालिकाको उमेर र क्षमताअनुकूलको कामलाई सम्झनुपर्छ।"
१५.	मा. कमल सुबेदी	२	<u>देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ङ१) "निकृष्ट प्रकारको बालश्रम" भन्नाले दासत्व वा दासत्वसरहको अभ्यास, बाल बेचबिखन, बँधुवा वा जबर्जस्ती श्रम, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, वेश्यावृत्ति वा अश्लील सामग्रीमा प्रयोग, गैरकानुनी गतिविधिमा प्रयोग तथा स्वास्थ्य, सुरक्षा वा नैतिकतामा गम्भीर जोखिम पुऱ्याउने कामलाई सम्झनुपर्छ। (छ१) "बालश्रम" भन्नाले बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा, शारीरिक तथा मानसिक विकास, मर्यादा वा अधिकारमा प्रतिकूल असर पार्ने वा कानुनले निषेध गरेको उमेर/प्रकृतिको आर्थिक वा अन्य श्रमलाई सम्झनुपर्छ।"
१६.	मा. ज्ञानु पौड्याल		<u>खण्ड (ठ) पछि देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ठ१) "बाल खेलाडी" भन्नाले फुटबल, क्रिकेट, भलिबल, बास्केट बल लगायत राष्ट्रिय खेलकुद परिषद्बाट मान्यता प्राप्त कुनै पनि खेल खेल्ने बालबालिका सम्झनुपर्छ।
१७.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
	मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२	(ठ२) "बालबालिकाको सर्वोत्तम हित" भन्नाले बालबालिकासँग सम्बन्धित कुनै निर्णय, कार्य वा व्यवस्था गर्दा बालबालिकाको उमेर, परिपक्वता, विचार तथा भावना, व्यक्तिगत अवस्था, पहिचान, पारिवारिक तथा सामाजिक परिवेश, सुरक्षा, स्वास्थ्य, शिक्षा, विकास तथा त्यस्तो निर्णय वा व्यवस्थाबाट बालबालिकामा पर्ने तत्कालीन तथा दीर्घकालीन प्रभावसमेत विचार गरी बालबालिकाको संरक्षण र समग्र विकास सुनिश्चित हुने गरी निर्धारण गरिएको सबैभन्दा उपयुक्त विकल्पलाई सम्झनुपर्छ। (ठ३) "बाल कलाकार" भन्नाले सङ्गीत, गायन, नृत्य, अभिनय, चित्रकला, साहित्य, चलचित्र, नाटक वा अन्य सिर्जनात्मक तथा प्रस्तुतिमूलक कलासम्बन्धी कार्यमा संलग्न बालबालिका सम्झनुपर्छ। (ठ४) "औपचारिक क्षेत्र" भन्नाले प्रचलित कानुनबमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र प्राप्त गरी सञ्चालनमा रहेका प्रतिष्ठान, संस्था वा कार्यस्थल सम्झनुपर्छ। (ठ५) "अनौपचारिक क्षेत्र" भन्नाले प्रचलित कानुनबमोजिम औपचारिक रूपमा दर्ता, अनुमति वा स्वीकृति प्राप्त नगरी सञ्चालनमा रहेका व्यापार, व्यवसाय, प्रतिष्ठान वा कार्यस्थल सम्झनुपर्छ। (ठ६) "समाजसेवी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम सूचीकृत समाजसेवी सम्झनुपर्छ। (ठ७) "बाल मनोविज्ञ" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम सूचीकृत बाल मनोविज्ञ सम्झनुपर्छ।"
१८.	मा. प्रकाशचन्द्र परियार		
१९.	मा. लिमा अधिकारी (आचार्य)	२	<u>खण्ड (ख) पछि देहायको खण्ड (ख१) थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"(ख१) "डिजिटल श्रम पोर्टल" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम तथा रोजगारीसम्बन्धी सेवा एकीकृत रूपमा प्रदान गर्न सञ्चालनमा ल्याएको डिजिटल प्रणाली सम्झनुपर्छ।"
२०.	मा. ज्ञानु पौड्याल	परिच्छेद-२ को परिच्छेद शीर्षक	**<u>परिच्छेद- २ को परिच्छेद शीर्षकमा संशोधन,</u>** - "**<u>बालबालिकालाई काममा लगाउने सम्बन्धी व्यवस्था</u>**" भन्ने शब्दहरूका सट्टा "**<u>बालबालिकालाई काममा नलगाउने सम्बन्धी व्यवस्था</u>**" भन्ने शब्दहरू राख्नुपर्ने।
२१.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
२२.	मा. प्रकाशचन्द्र परियार		
२३.	मा. भीम कुमारी बुढामगर	३	**<u>उपदफा (१) मा रहेका,</u>** - "पन्ध्र वर्ष" भन्ने शब्दहरूका सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) मा रहेका,</u>** - "तेह्र वर्ष" भन्ने शब्दहरूका सट्टा "चौध वर्ष" भन्ने शब्दहरू राख्नुपर्ने।
२४.	मा. रेखा कुमारी यादव मा. कालि बहादुर सहकारी मा. हरिना देवी कामी मा. नीनु कुमारी कर्ण	३	**<u>उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राख्नुपर्ने</u>:-** "(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १५ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई कुनै पनि प्रकारको श्रम वा रोजगारमा लगाउन पूर्ण रूपमा प्रतिबन्ध रहने छ ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			तर पारिवारिक वा संरक्षित वातावरणमा बालबालिकाको उमेर र क्षमता अनुकूल सामाजिकीकरण, सिप विकास र स्वावलम्बन अभिवृद्धि गर्ने उद्देश्यले गराइने सामान्य घरायसी वा सिकाइजन्य कार्यलाई यस ऐनबमोजिमको बालश्रम मानिने छैन। त्यस्तो कार्य गराउँदा बालबालिकाको स्वास्थ्य, सुरक्षा, शिक्षा, आराम र सर्वाङ्गीण विकासको पूर्ण सुनिश्चितता गरिनुपर्ने छ। "(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको शारीरिक वृद्धि विकास, शारीरिक तथा मानसिक स्वास्थ्य, बौद्धिक, संवेगात्मक, शैक्षिक र सामाजिक विकासमा नकारात्मक असर नपर्ने गरी बालबालिका स्वयं र निजको बाबु, आमा वा संरक्षकको सहमति लिई विद्यालय समयबाहेक वा बिदाको समयमा अनुसूची-१ बमोजिमका हलुका श्रम वा काममा लगाउन सकिने छ । तर कसैले पनि बालबालिकालाई अनुसूची-२ बमोजिमका कुनै पनि प्रकारका जोखिमपूर्ण काम, व्यवसाय वा गतिविधिमा लगाउन पाउने छैन।"
२५.	मा. कृपाराम राना	३	**<u>उपदफा (३) मा रहेका,</u>** - "शैक्षिक क्रियाकलाप तथा" भन्ने शब्दहरूपछि "सर्वाङ्गीण (All Round)" भन्ने शब्द थप गर्नुपर्ने।
२६.	मा. परशुराम तामाङ्ग	३	**<u>उपदफा (३) मा रहेका,</u>** - "बालबालिकालाई निजको" भन्ने शब्दहरूपछि "शारीरिक वृद्धि विकास, बौद्धिक, संवेगात्मक, सामाजिक," भन्ने शब्दहरू थप गर्नुपर्ने।
२७.	मा. अनुश्का श्रेष्ठ	३	**<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने</u>**:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"(४) कसैले पनि जुनसुकै उमेरका बालबालिकालाई निकृष्ट प्रकारको बालश्रममा लगाउनु, लगाउन सहयोग गर्नु, दलाली गर्नु वा त्यसका लागि उक्साउनु हुँदैन।"
२८.	मा. क्रान्तिशिखा धिताल	३	<u>उपदफा (२) मा रहेका,</u> - "अनुसूची-१ बमोजिमका" भन्ने शब्दहरूपछि "तर वातावरणीय दृष्टिकोणबाट असुरक्षा नहुने माहोलमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२९.	मा. डा. प्रमिला कुमारी गछदार	३	<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने</u>ः- "(४) बालबालिकालाई परिवारभित्र र पारिवारिक वातावरणमा आमा, बुबा, अभिभावक र संरक्षकको प्रत्यक्ष निगरानी तथा सहभागितामा उनीहरूको आधारभूत अधिकार कुण्ठित नहुने गरी सिक्ने सिकाउने र सामाजिकीकरणका लागि गरिने बालकामलाई ऐन विपरीत कार्य मानिने छैन।"
३०.	मा. मनिष झा	३	<u>उपदफा (१) मा रहेको स्पष्टीकरण खण्डको सट्टा देहायको स्पष्टीकरण खण्ड राख्नुपर्ने</u>ः- "<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागि "बालविकाससँग सम्बन्धित काम" भन्नाले शिक्षा, व्यावसायिक तालिम, पारिवारिक जीवनसिप वा कानुनबमोजिमको supervised learning बाहेक रोजगारदाता वा तेस्रो व्यक्तिको आर्थिक लाभका लागि गराइने नियमित काम सम्झनुपर्छ।" <u>उपदफा (२) पछि देहायका उपदफाहरू थप गर्नुपर्ने</u>ः- "(२क) उपदफा २ बमोजिम बालबालिकालाई काममा लगाउदा विद्यालय सञ्चालन हुने दिनमा दैनिक चार घण्टा र विद्यालय नहुने दिनमा दैनिक पाँच घण्टाभन्दा बढी गर्न पाइने छैन र सातामा चौबिस घण्टाभन्दा बढी काममा लगाउन पाइने छैन। (२ख) तेह्र वर्षदेखि अठार वर्षसम्मका बालबालिकालाई रातको समयमा, विद्यालय समयभित्र, जोखिमपूर्ण वातावरणमा, एक्लै काम गर्नुपर्ने अवस्थामा, घरबाट टाढा बस्नुपर्ने गरी वा बालबालिकाको

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			शिक्षा, स्वास्थ्य, सुरक्षा, नैतिकता वा मानसिक विकासमा प्रतिकूल प्रभाव पर्ने गरी काममा लगाउन हुँदैन। (२ग) नाटक, चलचित्र, टेलिभिजन, विज्ञापन, सांस्कृतिक कार्यक्रम, डिजिटल सामग्री, सामाजिक सञ्जाल वा अन्य सार्वजनिक प्रदर्शनमा बालबालिकालाई संलग्न गराउँदा सम्बन्धित सक्षम निकायबाट पूर्वस्वीकृति लिनुपर्नेछ। त्यस्तो स्वीकृतिमा कार्यघण्टा, शिक्षा, पारिश्रमिक, अभिभावकीय सहमति, सुरक्षा, यात्रा, आवास तथा बालबालिकाको गोपनीयता सम्बन्धी सर्त तोक्नु पर्नेछ।" **<u>उपदफा (३) पछि देहायको उपदफा थप गर्नुपर्ने</u>:-** "(३क) बालबालिकालाई कानुनबमोजिम काममा लगाउने रोजगारदाताले बालबालिकाको उमेर प्रमाण, अभिभावकको सहमति, स्वास्थ्य परीक्षण, कार्यसमय, पारिश्रमिक, बिदा तथा विद्यालय उपस्थितिको विवरण राखी सम्बन्धित श्रम कार्यालय तथा स्थानीय तहमा उपलब्ध गराउनुपर्छ।"
३१.	मा. कमल सुबेदी	३	**<u>उपदफा (२) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "१३-१५ वर्ष उमेरका बालबालिकालाई हल्का काममा लगाउँदा विद्यालयको नियमित उपस्थितिमा बाधा नपर्ने, स्वास्थ्य तथा विकासमा असर नपर्ने, अभिभावक/संरक्षकको सहमति र आवश्यक सुरक्षा उपाय भएको हुनुपर्ने।"
			<u>उपदफा (३) मा रहेका,</u> - "कसैले पनि" भन्ने शब्दहरूपछि "१८ वर्ष उमेर नपुगेका" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "उक्त अनुसूची-२ बमोजिमको जोखिमपूर्ण कामको सूची प्रत्येक तीन वर्षमा वा आवश्यकता अनुसार श्रमिक तथा रोजगारदाता संगठन, बाल अधिकार विज्ञ, स्वास्थ्य तथा सुरक्षा विशेषज्ञ र सम्बन्धित निकायसँग परामर्श गरी पुनरावलोकन गरिने छ।"
३२.	मा. ज्ञानु पौड्याल	३	**<u>विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्नुपर्ने</u>:-** "३. **<u>बालबालिकालाई काममा लगाउन नहुने:</u>** (१) कसैले पनि बालबालिकालाई कम्लरी, कमैया, घरेलु बालकामदार र अनुसूची-१ बमोजिमका जोखिमपूर्ण काम वा व्यवसायमा लगाउनु हुँदैन। **<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनका लागि "घरेलु बाल कामदार" भन्नाले पारिश्रमिक वा अन्य प्रतिफल लिई वा नलिई कुनै व्यक्तिको घरमा खाना पकाउने, भाँडा माझ्ने, सरसफाइ गर्ने, कपडा धुने, बालबालिका वा ज्येष्ठ नागरिकको हेरचाह गर्ने, पशुपन्छीको हेरचाह गर्ने वा यस्तै प्रकृतिका घरायसी काम गर्ने गरी काममा लगाइएको बालबालिका सम्झनुपर्छ। (२) कसैले पनि सोह्र वर्षमुनिका बालबालिकालाई बालविकाससँग सम्बन्धित काममा बाहेक अन्य काममा लगाउनु हुँदैन। **<u>स्पष्टीकरण:</u>** यस उपदफाको प्रयोजनको लागि "बालविकाससँग सम्बन्धित काम" भन्नाले घर, परिवार वा संरक्षकको प्रत्यक्ष निगरानी तथा हेरचाहमा बालबालिकाको शारीरिक वृद्धि तथा विकासका साथै मानसिक, बौद्धिक, संवेगात्मक, शैक्षिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने, जोखिमरहित अभ्यास, कृयाकलाप वा काम सम्झनुपर्छ। (३) कसैले पनि प्रचलित कानुनबमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको अवस्था वा
३३.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
३४.	मा. प्रकाशचन्द्र परियार		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			पहिचानका कारण उत्पन्न बहिष्करण, हिंसा, दुर्व्यवहार वा अन्य जोखिमपूर्ण अवस्थाको फाइदा उठाई त्यस्ता बालबालिकालाई श्रममा लगाउन वा श्रम शोषण गर्नु हुँदैन।"
३५.	मा. लिमा अधिकारी (आचार्य)	३	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तेह्र वर्ष उमेर पूरा भएका बालबालिकालाई निजको शैक्षिक क्रियाकलाप तथा विकासमा असर नपर्ने गरी व्यावसायिक श्रमबाहेक निजको विद्यालय समय बाहेकको समयमा गैर-व्यावसायिक व्यावहारिक जीवन-सिप वा अध्ययन अभ्यासमा मात्र लगाउन सकिनेछ।"
३६.	मा. रमेश कुमार मल्ल	३	<u>उपदफा (२) मा रहेका,</u> - "तेह्र वर्ष" भन्ने शब्दहरूका सट्टा "पन्ध्र वर्ष" भन्ने शब्दहरू राख्नुपर्ने।
३७.	मा. परशुराम तामाङ्ग	४	<u>उपदफा (४) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- "तर बालबालिकालाई परिवारभित्र संरक्षकको निगरानी तथा सहभागितामा बालअधिकार कुण्ठित नहुने गरी सिक्ने, सिकाउने, कमाउने र सामाजिकीकरण गराउने कामलाई यस ऐन विपरीत मानिने छैन।"
३८.	मा. ज्ञानु पौड्याल	४	<u>दफा ४ को सट्टा देहायको दफा ४ राख्नुपर्ने</u>:- "४. <u>बालबालिकालाई इच्छा विपरीत काममा लगाउन नहुने</u> : कसैले पनि बालबालिकालाई ललाई, फकाई, झुक्याई, डर, त्रास वा दबाब दिई, प्रलोभनमा पारी, सम्भावित क्षतिको भय महसुस हुने गरी वा अन्य कुनै तरिकाले निजको इच्छा र सर्वोत्तम हित विपरीत श्रमिकका रूपमा काममा लगाउन हुँदैन।"
३९.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
४०.	मा. प्रकाशचन्द्र परियार		
४१.	मा. ज्ञानु पौड्याल	दफा थप	<u>दफा ४ पछि देहायको दफा ४क थप गर्नुपर्नेः-</u> "४क. <u>हलुका काममा लगाउन सकिने</u> : (१) दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि चौध वर्ष उमेर पूरा भएका बालबालिकालाई निजको शैक्षिक क्रियाकलाप तथा विकासमा असर नपर्ने र निजको सर्वोत्तम हित विपरीत नहुने गरी बालबालिका स्वयम् र निजको बाबु, आमा वा संरक्षकको सहमति लिई तोकिएको कार्यसमय र अन्य सर्तको अधीनमा रही विद्यालय समय अगि, पछि वा बिदाको समयमा अनुसूची-१ बमोजिमका हलुका किसिमका काममा लगाउन सकिनेछ। (२) उपदफा (१) बमोजिम हलुका काममा लगाइएका बालबालिकालाई रोजगारदाताले कार्यस्थलमा निजको उमेर, शारीरिक अवस्था, लैङ्गिक पहिचान, धर्म, जात, वर्ण वा अन्य कुनै आधारमा भेदभाव हुन नदिई बालमैत्री वातावरण कायम गर्ने सुनिश्चितता गर्नु पर्नेछ।"
४२.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
४३.	मा. प्रकाशचन्द्र परियार		
४४.	मा. गुरु प्रसाद बराल	५	<u>उपदफा (१) मा रहेका,</u> - "कार्यालयलाई" भन्ने शब्दको सट्टा "स्थानीय तहमार्फत" भन्ने शब्दहरू राख्नुपर्ने।
४५.	मा. कमल सुबेदी	५	<u>उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्नेः-</u> "(घ) रोजगारदाताले बालबालिकालाई काममा लगाएको/नलगाएको सम्बन्धमा डिजिटल अभिलेख"
४६.	मा. कृपाराम राना	६	<u>उपदफा (१) मा रहेका,</u> - "तिस दिन" भन्ने शब्दहरूका सट्टा "सात दिन" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			<u>उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्ने</u>ः- "(घ) बालबालिकाको नाम, ठेगाना, उमेर, फोटो र रक्त समूह,"
४७.	मा. परशुराम तामाङ्ग	६	<u>उपदफा (१) मा रहेका,</u> - "त्यसरी काममा" भन्ने शब्दहरूका सट्टा "त्यसरी बालश्रममा" भन्ने शब्दहरू राख्नुपर्ने।
४८.	मा. क्रान्तिशिखा धिताल	६	<u>उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्ने</u>ः- "(घ) बालबालिकाको नाम, ठेगाना, उमेर र सो उमेर प्रमाणित गर्ने कागजात,"
४९.	मा. गणेश कार्की	६	<u>उपदफा (२) पछि देहायका उपदफाहरू थप गर्नुपर्ने</u>ः- "(३) दफा ६ बमोजिम प्राप्त बालबालिकाको तस्बिर, स्वास्थ्य विवरण, पारिवारिक विवरण तथा अन्य व्यक्तिगत जानकारी गोप्य राख्नुपर्ने छ। (४) उपदफा (१) बमोजिमको विवरण कानुनबमोजिम अधिकार प्राप्त निकायबाहेक अन्य व्यक्ति वा संस्थालाई उपलब्ध गराउन पाइने छैन। (५) बालबालिकाको पहिचान खुल्ने गरी कुनै विवरण सार्वजनिक गर्न, प्रकाशन गर्न वा प्रसारण गर्न पाइने छैन। (६) यस दफाको उल्लङ्घन गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने छ।"
५०.	मा. कमल सुबेदी	६	<u>देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने</u>ः- "(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको व्यक्तिगत तथा संवेदनशील सूचना गोप्य राख्नुपर्ने छ।"
५१.	मा. ज्ञानु पौड्याल	६	

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
५२.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखी उपदफामा उल्लिखित खण्डहरू यथावत राख्नुपर्ने</u>:- "(१) यस ऐनबमोजिम बालबालिकालाई काममा लगाउने रोजगारदाताले त्यसरी काममा लगाउनु अगावै बालबालिकाको तस्बिर सहित देहायका विषयहरू खुलाइएको विवरण सम्बन्धित स्थानीय तहमार्फत ३० दिनभित्र कार्यालयमा पेस गर्नु पर्नेछ।" <u>उपदफा (१) मा देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ठ) तोकिए बमोजिमको बाल संरक्षण मापदण्ड र बाल संरक्षणसम्बन्धी प्रतिबद्धता पत्रमा रोजगारदाताको हस्ताक्षर, (ड) कार्यस्थलको फोटो।" <u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिमको विवरण तोकिएको अवधिभित्र पेस नगर्ने, झुट्टा वा गलत विवरण पेस गर्ने वा वास्तविक मिति लुकाई वा फरक मिति उल्लेख गर्ने रोजगारदातालाई यस ऐनबमोजिम कारबाही गरिनेछ।"
५३.	मा. प्रकाशचन्द्र परियार		
५४.	मा. लिमा अधिकारी (आचार्य)	६	<u>विधेयकको दफा ६ को उपदफा (१) मा रहेका,</u> - "सम्बन्धित स्थानीय तहमार्फत कार्यालयमा पेस गर्नुपर्नेछ" भन्ने शब्दहरूका सट्टा "डिजिटल श्रम पोर्टल प्रणालीमार्फत वा स्थानीय तहमार्फत अनलाइन प्रविष्ट गरी पेस गर्नुपर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
५५.	मा. गुरु प्रसाद बराल	७	<u>उपदफा (१) को स्पष्टीकरण खण्डमा रहेका,</u> - "निजी अस्पताल वा शिक्षण अस्पताल" भन्ने शब्दहरू झिक्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
५६.	मा. कमल सुबेदी	७	<u>उपदफा (१) मा रहेका,</u> - "संस्थाबाट स्वास्थ्य परीक्षण" भन्ने शब्दहरूपछि "तथा जोखिमको प्रकृतिअनुसार मनोसामाजिक, दृष्टि, श्रवण तथा व्यावसायिक स्वास्थ्य परीक्षणसमेत" भन्ने शब्दहरू थप गर्नुपर्ने।
५७.	मा. भीम कुमारी बुढामगर	९	<u>उपदफा (३) मा रहेका,</u> - "दिनमा दुई घण्टा र एक सप्ताहमा बाह्र घण्टा" भन्ने शब्दहरूका सट्टा "दिनमा बढीमा एक घण्टा र एक सप्ताहमा बढीमा छ घण्टा" भन्ने शब्दहरू राख्नुपर्ने।
५८.	मा. ऐन बहादुर महर	९	<u>उपदफा (३) मा रहेका,</u> - "दिनमा छ घण्टा र एक सप्ताहमा छत्तिस घण्टाभन्दा" भन्ने शब्दहरूका सट्टा "दिनमा चार घण्टा र एक सप्ताहमा चौबिस घण्टाभन्दा" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (४) मा रहेका,</u> - "प्रत्येक दिन लगातार तीन घण्टा" भन्ने शब्दहरूका सट्टा "दुई घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने" भन्ने शब्दहरू राख्नुपर्ने।
५९.	मा. क्रान्तिशिखा धिताल	९	- **उपदफा (२)** झिकी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने।
६०.	मा. गणेश कार्की	९	<u>उपदफा (२) मा रहेका,</u> - "सामाजिक सांस्कृतिक" भन्ने शब्दहरूपछि "मनोरञ्जनात्मक" भन्ने शब्द तथा "नाटक जस्ता कार्यक्रममा" भन्ने शब्दहरूपछि "वा चलचित्र, टेलिचलचित्र जस्ता सुटिङमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
६१.	मा. गुरु प्रसाद बराल	९	<u>उपदफा (३) मा रहेका,</u> - "एक सप्ताहमा छत्तिस घण्टा" भन्ने शब्दहरूका सट्टा "एक सप्ताहमा तिस घण्टा" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका,</u> - "तेह्र वर्ष" भन्ने शब्दहरूका सट्टा "चौध वर्ष" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (४) मा रहेका,</u> - "एक दिन पारिश्रमिक सहितको बिदा" भन्ने शब्दहरूका सट्टा "दुई दिन पारिश्रमिकसहितको बिदा" भन्ने शब्दहरू राख्नुपर्ने।
६२.	मा. ज्ञानु पौड्याल	९	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) रोजगारदाताले यस ऐनबमोजिम १६ वर्षमुनिका बालबालिकालाई काममा लगाउँदा साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म र १६ वर्ष माथिका बालबालिकालाई काममा लगाउँदा साँझ ८ बजेदेखि बिहान ६ बजेसम्मको अवधिमा काममा लगाउन हुँदैन ।"
६३.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
६४.	मा. प्रकाशचन्द्र परियार		
६५.	मा. रमेश कुमार मल्ल	९	<u>उपदफा (३) मा रहेको,</u> - स्पष्टीकरण खण्ड झिक्नुपर्ने।
६६.	मा. गणेश कार्की	दफा थप	<u>दफा ९ पछि देहायको दफा ९क थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"९क. <u>मनोरञ्जन, विज्ञापन तथा डिजिटल माध्यममा बालबालिकाको सहभागिता</u> : (१) कसैले पनि पन्ध्र वर्ष उमेर पूरा नगरेको बालबालिकालाई पारिश्रमिक प्राप्त हुने वा व्यावसायिक प्रयोजनका लागि सञ्चालन गरिने चलचित्र, विज्ञापन, टेलिभिजन कार्यक्रम, डिजिटल सामग्री निर्माण, अनलाइन प्रसारण वा यस्तै प्रकृतिका कार्यक्रममा सहभागी गराउनुअगि सम्बन्धित स्थानीय तहको बाल अधिकार हेर्ने अधिकारीबाट पूर्वस्वीकृति लिनु पर्नेछ। (२) उपदफा (१) बमोजिम स्वीकृति दिँदा बालबालिकाको शिक्षा, स्वास्थ्य, विश्राम, गोपनीयता तथा सर्वोत्तम हितमा प्रतिकूल असर नपर्ने सुनिश्चित गर्नु पर्नेछ। (३) यस्तो कार्यक्रममा सहभागी बालबालिकालाई कुनै पनि अवस्थामा जोखिमपूर्ण काम वा व्यावसायिक शोषण हुने गतिविधिमा संलग्न गराउन पाइने छैन।"
६७.	मा. भरत कुमार स्वार मा. रुक्मिणी देवी कोइराला मा. खड्ग शाही	१०	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) रोजगारदाताले श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई लैङ्गिकता, वर्ण, धर्म, जातजाति, भौगोलिक वा क्षेत्रगत आधारमा कुनै भेदभाव नगरी समान मूल्यको कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ।"
६८.	मा. परशुराम तामाङ्ग	१०	<u>उपदफा (१) मा रहेका,</u> - "जातिको" भन्ने शब्दपछि "भाषा, भूगोल र क्षेत्रगत" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६९.	मा. कमल सुबेदी	१०	<u>उपदफा (१) मा रहेका,</u> - "लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी" भन्ने शब्दहरूका सट्टा "लिङ्ग, जात, जातीयता, धर्म, भाषा, अपाङ्गता, भौगोलिक क्षेत्र, सामाजिक/आर्थिक अवस्था वा अन्य कुनै आधारमा भेदभाव नगरी अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			सीमान्तकृत तथा विशेष जोखिममा रहेका बालबालिकाका लागि थप संरक्षणात्मक उपाय अपनाई" भन्ने शब्दहरू राख्नुपर्ने।"
७०.	मा. ज्ञानु पौड्याल	१०	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) रोजगारदाताले श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई लैङ्गिक पहिचान, वर्ण, धर्म वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान मूल्यको काममा समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ।"
७१.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
७२.	मा. प्रकाशचन्द्र परियार		
७३.	मा. लिमा अधिकारी (आचार्य)	१०	<u>विधेयकको दफा १० को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:- "(३) श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई रोजगारदाताले तोकिए बमोजिमको विशेष बालकल्याण तथा दुर्घटना बिमा ढाँचामा आवद्ध गराउनु पर्नेछ।"
७४.	मा. ऐन बहादुर महर	११	<u>दफा ११ को दफा शीर्षकमा रहेका,</u> - "सुरक्षा र स्वास्थ्य" भन्ने शब्दहरूका सट्टा शिक्षा, स्वास्थ्य र सुरक्षा" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"(३) श्रमिकको रूपमा काम गर्ने बालबालिकाको विद्यालय शिक्षामा कुनै पनि असर नपर्ने गरी काममा लगाउनु पर्ने र रोजगारदाताले बालबालिकालाई विद्यालय पठाई शिक्षासम्बन्धी हक सुनिश्चित गर्नु पर्नेछ।"
७५.	मा. गणेश कार्की	दफा थप	<u>दफा ११ पछि देहायका दफा ११क थप गर्नुपर्नेः-</u> "११क. <u>विश्राम तथा बिदाको अधिकार</u> : (१) बालबालिकालाई प्रत्येक चौबिस घण्टामा कम्तीमा बाह्र घण्टा लगातार विश्रामको समय उपलब्ध गराउनु पर्नेछ। (२) विद्यालयको वार्षिक बिदाको अवधिमा बालबालिकाको विश्राम, खेलकुद तथा मनोरञ्जनको अधिकार सुनिश्चित गरिने छ। (३) यस दफाबमोजिमको विश्राम अवधिमा १५ बर्षमुनिका बालबालिकालाई कुनै पनि प्रकारको श्रममा लगाउन पाइने छैन।"
७६.	मा. कमल सुबेदी	११	<u>देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(२) रोजगारदाताले बालबालिकाको शारीरिक, मानसिक, यौन तथा मनोसामाजिक सुरक्षा सुनिश्चित गर्नु पर्नेछ र हिंसा, दुर्व्यवहार, उत्पीडन तथा शोषण रोक्न बाल संरक्षण नीति/कार्यविधि लागु गर्नु पर्नेछ।"
७७.	मा. अनुश्का श्रेष्ठ	१२	<u>उपदफा (१) मा रहेका,</u> - "दर्ता किताब राख्नु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "दर्ता किताब लिखित वा मन्त्रालयले तोकेको विद्युतीय ढाँचामा राख्नुपर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (३) पछि देहायका उपदफाहरू थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"(४) मन्त्रालयले उपदफा (१) बमोजिमको विवरण अभिलेख गर्न, अद्यावधिक गर्न र सङ्घ, प्रदेश तथा स्थानीय तहबिच आदानप्रदान गर्न एकीकृत विद्युतीय दर्ता किताब प्रणाली सञ्चालनमा ल्याउनेछ र तोकिएको प्रतिष्ठानले सोही प्रणाली मार्फत विवरण प्रविष्ट गर्नु पर्नेछ। (५) दफा ६ बमोजिमको विवरण र दफा ७ बमोजिमको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेत उपदफा (४) बमोजिमको प्रणालीमा समाहित गरिनेछ र दफा ३४ बमोजिमको एकीकृत अभिलेख सोही प्रणालीबाट तयार गरिनेछ। (६) उपदफा (४) बमोजिम प्रविष्ट गरिएको विवरण कार्यालय, स्थानीय तह तथा निरीक्षणका लागि खटिएको कर्मचारीले जुनसुकै समयमा हेर्न सक्ने गरी उपलब्ध हुने छ र त्यसरी हेर्न पाएको अवस्थामा उपदफा (२) बमोजिम भौतिक रूपमा दर्ता किताब पेस गर्नुपर्ने छैन। (७) विद्युतीय प्रणालीमा रहेको बालबालिकाको व्यक्तिगत विवरणको गोपनीयता र सुरक्षा कायम राख्नु सम्बन्धित निकाय र रोजगारदाताको कर्तव्य हुनेछ र त्यस्तो विवरण प्रचलित कानुन बमोजिम बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न वा सार्वजनिक गर्न पाइने छैन। (८) उपदफा (४) बमोजिमको प्रणालीमा राखिएको अभिलेख प्रमाणको रूपमा ग्राह्य हुनेछ।"
७८.	मा. लिमा अधिकारी (आचार्य)	१२	<u>विधेयकको दफा १२ को उपदफा (१) मा रहेका,</u> - "दर्ता किताब राख्नु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "डिजिटल श्रम पोर्टल प्रणालीमा अद्यावधिक गरी वा तोकिए बमोजिमको डिजिटल प्रणालीमा अभिलेख राख्नुपर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
७९.	मा. कमल सुबेदी	१३	<u>उपदफा (१) मा रहेका,</u> - "बालबालिकालाई काममा लगाउन नहुने," भन्ने शब्दहरूपछि "बालश्रमविरुद्ध उजुरी गर्ने तरिका, हेल्पलाइन तथा सम्बन्धित निकायको सम्पर्क विवरण" भन्ने शब्दहरू थप गर्नुपर्ने।
८०.	मा. भीम कुमारी बुढामगर	१४	<u>उपदफा (१) मा रहेका,</u> - "तीन महिनामा कम्तीमा एक पटक" भन्ने शब्दहरूका सट्टा "प्रत्येक महिनामा कम्तीमा एक पटक" भन्ने शब्दहरू राख्नुपर्ने।
८१.	मा. कृपाराम राना	१४	<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:- "(४) कामको क्षेत्रमा बालबालिकालाई काममा लगाएको वा नलगाएको, कार्यको स्वरूप जस्ता कुराहरूको निरीक्षण स्थानीय तह वा वडाले गर्न सक्नेछ।"
८२.	मा. गुरु प्रसाद बराल	१४	<u>उपदफा (१) मा रहेका,</u> - "तीन महिनामा कम्तीमा एक पटक" भन्ने शब्दहरूका सट्टा "मासिक रूपमा नियमित" भन्ने शब्दहरू राख्नुपर्ने।
८३.	मा. कमल सुबेदी	१४	<u>उपदफा (१) मा रहेका,</u> - "तीन महिनामा कम्तीमा एक पटक" भन्ने शब्दहरूका सट्टा "सामान्य अवस्थामा कम्तीमा प्रत्येक तीन महिनामा एक पटक र जोखिमपूर्ण क्षेत्र, उजुरी वा शंकास्पद अवस्थाको सूचना प्राप्त भएमा तत्काल/आकस्मिक" भन्ने शब्दहरू राखुपर्ने। <u>देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:- "(४) सङ्घ, प्रदेश र स्थानीय तहका श्रम, बालकल्याण, शिक्षा, स्वास्थ्य, प्रहरी तथा अन्य सम्बन्धित निकायबीच संयुक्त निरीक्षण, सूचना आदानप्रदान र समन्वय प्रणाली स्थापना गर्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
८४.	मा. ज्ञानु पौड्याल	१४	<u>उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राख्नुपर्ने</u>:- "(१) कुनै रोजगारदाताले यस ऐनबमोजिम बालबालिकालाई काममा लगाए वा नलगाएको यकिन गर्न सम्बन्धित कार्यालय वा स्थानीय तहका बालकल्याण अधिकारी वा स्थानीय तहले तोकेको अन्य कुनै अधिकारीले बालबालिकालाई काममा लगाउने रोजगारदाताको काम गर्ने स्थलको प्रत्येक तीन महिनामा कम्तीमा एकपटक निरीक्षण गर्नु पर्नेछ। (२) दफा २२ बमोजिम कुनै उजुरी प्राप्त भएमा वा कुनै रोजगारदाताले यस ऐनविपरीत बालबालिकालाई काममा लगाएको भन्ने कुनै माध्यमबाट जानकारी प्राप्त भएमा स्थानीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठान वा हलुका कामका हकमा सम्बन्धित स्थानीय तहले, सङ्घीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठानका हकमा कार्यालयले आफू मातहतको कुनै कर्मचारीलाई र अनौपचारिक वा जोखिमपूर्ण बालश्रमका हकमा नेपाल प्रहरीले त्यस्तो रोजगारदाताले बालबालिकालाई काममा लगाएको कार्यस्थलको निरीक्षण गर्न खटाउनु पर्नेछ।"
८५.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
८६.	मा. प्रकाशचन्द्र परियार		
८७.	मा. लिमा अधिकारी (आचार्य)	१४	<u>विधेयकको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) कुनै रोजगारदाताले यस ऐनबमोजिम बालबालिकालाई काममा लगाएको वा नलगाएको यकिन गर्न स्थानीय तहको बाल कल्याण अधिकारी वा स्थानीय श्रम निरीक्षकले बालबालिकालाई काममा लगाउने रोजगारदाताको काममा लगाउने स्थलको प्रत्येक महिना कम्तीमा एक पटक निरीक्षण गर्नु पर्नेछ।"
८८.	मा. गंगादेवी श्रेष्ठ	१५	<u>उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"(५) अभिभावकविहिन, अभिभावक अस्वस्थ वा जेलमा परेका अभिभावकहरूका बालबालिकाको संरक्षण गर्ने दायित्व राज्यको हुनेछ।" (६) जोखिमपूर्ण काम गर्न बाध्य हुने र माग्ने बनाएको बालबालिकाको अभिभावकलाई रोजगारीको व्यवस्था गर्नु पर्नेछ।"
८९.	मा. भरत कुमार स्वार मा. रुक्मिणी देवी कोइराला मा. खड्ग शाही	१५	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) निरीक्षण वा अनुगमनको क्रममा यस ऐन विपरीत कुनै बालबालिकालाई काममा लगाएको पाइएमा निरीक्षण गर्ने अधिकारीले त्यस्तो बालबालिकालाई कार्यस्थलबाट तत्काल उद्धार गरी सुरक्षित आवासगृह वा वातावरणमा राखी यथाशीघ्र निजको आमा, बुबा, संरक्षक वा माथवरको जिम्मा लगाउनु पर्नेछ। साथै बालबालिकालाई श्रममा लगाउने रोजगारदाता र बालबालिका आपूर्ति गर्ने व्यक्ति वा संस्थामाथि निरीक्षण अधिकारीले तत्काल प्रचलित कानुनबमोजिम कडा कानुनी कारबाही चलाउनु पर्नेछ।"
९०.	मा. परशुराम तामाङ्ग	१५	<u>उपदफा (१) मा रहेका,</u> - "कामबाट अलग" भन्ने शब्दहरूका सट्टा "कार्यस्थलबाट तत्काल उद्धार गरी यथाशीघ्र आमा, बुबा, संरक्षक वा माथवरको जिम्मा लगाउने र श्रमिक आपूर्तिकर्ता र रोजगारदातामाथि कानुनबमोजिम कारबाही गर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
९१.	मा. अनुश्का श्रेष्ठ	१५	<u>उपदफा (१) मा रहेका,</u> - "यथाशीघ्र निजको बाबुआमा वा संरक्षकको जिम्मा लगाउन" भन्ने शब्दहरूका सट्टा "स्थानीय तहको बालकल्याण अधिकारीबाट बालबालिकाको सर्वोत्तम हितको मूल्याङ्कन गराई यथाशीघ्र निजको बाबुआमा वा संरक्षकको जिम्मा लगाउन" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			<u>उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर बाबुआमा वा संरक्षक स्वयं कसुरमा संलग्न रहेको वा निजहरूको जिम्मा लगाउँदा बालबालिकाको सर्वोत्तम हित प्रतिकूल हुने देखिएमा त्यसरी जिम्मा नलगाई उपदफा (३) बमोजिम अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्नेछ।" <u>उपदफा (४) पछि देहायका उपदफा (५) थप गर्नुपर्ने</u>:- "(५) कामबाट अलग गरिएका बालबालिकाले पाउनुपर्ने बक्यौता पारिश्रमिक, भत्ता, सुविधा तथा सामाजिक सुरक्षा कोषमा जम्मा हुनुपर्ने रकम रोजगारदाताले तत्काल भुक्तानी गर्नु पर्नेछ।"
९२.	मा. ज्ञानु पौड्याल	१५	<u>दफा १५ को सट्टा देहायको दफा १५ राख्नुपर्ने</u>:- "**१५.** <u>उद्धार संरक्षण तथा पुनर्स्थापना</u> : (१) दफा १४ बमोजिम निरीक्षण गर्दा यस ऐनविपरीत बालबालिकालाई काममा लगाएको पाइएमा निरीक्षण गर्ने अधिकारीले सम्बन्धित स्थानीय तह र नेपाल प्रहरीको सहयोग तथा कार्यालयसँगको समन्वयमा त्यस्तो बालबालिकालाई तत्काल कामबाट अलग गराई उद्धार गरी बालबालिका तथा रोजगारदाताबाट निजको व्यक्तिगत विवरण, कामको प्रकृति, अवधि, पारिश्रमिक तथा अन्य आवश्यक विवरण लिनु पर्नेछ। (२) उपदफा (१) बमोजिम उद्धार गरिएको बालबालिका हलुका काममा संलग्न रहेको वा जोखिमपूर्ण बालश्रममा संलग्न नरहेको र निजको सर्वोत्तम हित अनुकूल तत्काल परिवारमा पुनर्स्थापना गर्न उपयुक्त देखिएमा सम्बन्धित बाल कल्याण अधिकारीले समाजसेवी वा बाल मनोविज्ञको रायका आधारमा निजलाई यथाशीघ्र बाबु, आमा वा संरक्षकको जिम्मा लगाउन सक्नेछ।
९३.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
९४.	मा. प्रकाशचन्द्र परियार		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			(३) उपदफा (१) बमोजिम उद्धार गरिएको बालबालिकाको बाबु, आमा वा संरक्षक नभएमा, पत्ता नलागेमा वा निजको जिम्मा लगाउँदा पुनः बालश्रममा पर्ने, हिंसा, दुर्व्यवहार, शोषण वा उपेक्षामा पर्ने जोखिम भएमा वा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्दा त्यस्तो जिम्मा लगाउन उपयुक्त नदेखिएमा सम्बन्धित बाल कल्याण अधिकारीले निजलाई तोकिएबमोजिमको अवधिसम्म उपयुक्त अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ। (४) उपदफा (३) बमोजिम अस्थायी संरक्षणमा राखिएको बालबालिकाको सर्वोत्तम हित, पारिवारिक, शैक्षिक, स्वास्थ्य तथा मनोसामाजिक अवस्था र पुनः बालश्रममा पर्ने जोखिमको लेखाजोखा सम्बन्धित स्थानीय तहले समाजसेवी तथा बाल मनोविज्ञमार्फत गराउनु पर्नेछ। (५) उपदफा (४) बमोजिम गरिएको लेखाजोखाबाट प्राप्त राय तथा प्रतिवेदनका आधारमा सम्बन्धित स्थानीय तहका बाल कल्याण अधिकारीले बालबालिकालाई परिवारमा पुनर्स्थापना गर्ने, दफा १७ बमोजिम शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा वा सिप विकाससँग आवद्ध गर्ने वा वैकल्पिक हेरचाह तथा संरक्षणमा राख्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ।" (६) उपदफा (५) बमोजिम परिवारमा पुनर्स्थापना गर्ने निर्णय भएमा परिवारको आर्थिक अवस्था कमजोर रहेको वा बालबालिका पुनः बालश्रममा पर्न सक्ने जोखिम रहेको देखिएमा सम्बन्धित स्थानीय तहले जीविकोपार्जन, आयआर्जन, शिक्षा, सिप विकास वा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			(७) यस दफाबमोजिम बालबालिकाको उद्धार, अस्थायी संरक्षण तथा पुनर्स्थापनामा लागेको मनासिब खर्च रोजगारदाताले व्यहोर्नु पर्नेछ र पुनर्स्थापित बालबालिकाको अवस्था तथा पुनः बालश्रममा पर्न सक्ने जोखिमका सम्बन्धमा सम्बन्धित स्थानीय तहले आवश्यक अनुगमन गर्नु पर्नेछ।"
९५.	मा. लिमा अधिकारी (आचार्य)	१५	<u>विधेयकको दफा १५ को उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>ः- "तर रोजगारदाता उपलब्ध नभएको वा खर्च बेहोर्न असमर्थ भएको अवस्थामा त्यस्तो संरक्षण सेवाको खर्च दफा ३२ बमोजिमको बालश्रम निवारण कोष वा सम्बन्धित स्थानीय तहको बालकोषबाट व्यहोर्ने प्रबन्ध गरिनेछ।"
९६.	मा. अनुश्का श्रेष्ठ	१६	<u>उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थप गर्नुपर्ने</u>ः- "(३) उद्धार गरिएका बालबालिकालाई स्थानीय तह र मन्त्रालयले निःशुल्क शिक्षामा पुनःएकीकरण, आवश्यकता अनुसार छात्रवृत्ति, मनोसामाजिक परामर्श तथा उमेर सुहाउँदो सिपमूलक तालिमको व्यवस्था गर्नुपर्नेछ र निजलाई पुनः सोही रोजगारदाताकहाँ फर्काउन पाइने छैन। (४) पुनर्स्थापना गरिएका बालबालिकाको अवस्थाको सम्बन्धित स्थानीय तहले कम्तीमा दुई वर्षसम्म नियमित अनुगमन गरी अभिलेख राख्नु पर्नेछ।"
९७.	मा. क्रान्तिशिखा धिताल	१६	<u>उपदफा (१) मा रहेका,</u> - "बालबालिकाको उमेर १८ वर्ष नपुगेसम्म पुनर्स्थापना गर्नु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "पुनर्स्थापनाको क्रममा बालबालिकाको उमेर, क्षमता, रुचि र आवश्यकताका आधारमा जीवनोपयोगी सिप, वित्तीय साक्षरता, व्यावसायिक तथा प्राविधिक सिप, रोजगारीसम्बन्धी ज्ञान,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			स्वास्थ्य तथा सामाजिक सेवामा पहुँच र स्वतन्त्र जीवनयापनसम्बन्धी आवश्यक तयारी गराउनुपर्नेछ। प्रत्येक आवासीय बाल हेरचाह संस्थाले बालबालिकाको उमेर, परिपक्वता र परिस्थितिअनुसार करिब १४-१६ वर्षदेखि "स्वतन्त्र जीवन तथा संक्रमण योजना" (Independent Living and Transition Plan) लागु गर्नुपर्छ" भन्ने शब्दहरू राख्नुपर्ने।
९८.	मा. गणेश कार्की	१६	**<u>उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्ने</u>**:- "(३) उपदफा (१) बमोजिमको पुनर्स्थापनाको क्रममा बालबालिकालाई आवश्यकताअनुसार शिक्षा, मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, सिप विकास तालिम तथा सामाजिक पुनःएकीकरण सम्बन्धी सेवा उपलब्ध गराउनु पर्नेछ।"
९९.	मा. गुरु प्रसाद बराल	१६	**<u>उपदफा (१) मा रहेका,</u>** - "त्यस्तो बालबालिकाको उमेर अठार बर्ष नपुगेसम्म" भन्ने शब्दहरूका सट्टा "यथासक्य छिटो पारिवारिक पुनर्मिलन" भन्ने शब्दहरू राख्नुपर्ने।
१००.	मा. कमल सुबेदी	१६	**<u>उपदफा (१) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने:-</u>** "**<u>स्पष्टीकरण</u>** : यसरी पुनर्स्थापना गर्दा उद्धार गरिएका बालबालिकाको परिवार खोज, पारिवारिक पुनर्मिलन, वैकल्पिक हेरचाह, शिक्षा/सिपमा पुनःप्रवेश, मनोसामाजिक सहयोग र दीर्घकालीन पुनर्स्थापना सुनिश्चित गर्नु पर्नेछ तथा बालबालिकाको सर्वोत्तम हितविपरीत पारिवारिक पुनर्मिलन गर्न पाइने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१०१.	मा. ज्ञानु पौड्याल	दफा थप	<u>दफा १६ पछि देहायका दफा १६क र १६ख थप गर्नुपर्ने</u>:- "१६क. <u>बालबालिकालाई प्राविधिक तथा व्यावसायिक शिक्षासँग जोड्ने</u> : (१) दफा १५ को उपदफा (५) बमोजिम शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा वा सिप विकाससँग आबद्ध गर्ने निर्णय भएका तथा विद्यालय शिक्षा बिचमै छाडेका बालबालिकाको शिक्षाको निरन्तरता तथा पहुँच सुनिश्चित गर्दै त्यस्ता बालबालिकालाई निजको उमेर, रुचि, क्षमता र आवश्यकता अनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षा, सिप विकास तथा व्यावसायिक तालिममा सहभागी गराउने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ। (२) उपदफा (१) बमोजिमको शिक्षा, सिप विकास तथा व्यावसायिक तालिम सञ्चालनका लागि मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ र प्रत्येक प्रदेशमा कम्तीमा एक वटा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकाससम्बन्धी शिक्षालय स्थापना गर्न प्रदेश सरकारलाई आवश्यक सहयोग तथा प्रोत्साहन गर्नु पर्नेछ। (३) यस दफा बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा, सिप विकास तथा तालिम प्राप्त गर्ने बालबालिकालाई यस ऐन विपरीतको बालश्रममा नलागी शिक्षा तथा सिपसँग जोडिन आवश्यक परामर्श, छात्रवृत्ति, शैक्षिक सामग्री तथा अन्य सहयोग उपलब्ध गराउने व्यवस्था मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले गर्न सक्नेछ।" १६ख. <u>उद्यम गर्न प्रोत्साहन गर्ने</u> : (१) दफा १७ बमोजिम वा प्रचलित कानुनबमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राविधिक तथा व्यावसायिक शिक्षा वा सिपसम्बन्धी तालिम हासिल गरेका सोह्र वर्ष उमेर पूरा गरेका बालबालिकाले एकल वा सामूहिक रूपमा उद्यम सञ्चालन गर्न चाहेमा
१०२.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
१०३.	मा. प्रकाशचन्द्र परियार		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			बाबुआमा वा संरक्षकको संरक्षण तथा सहमतिमा तोकिएको मापदण्डबमोजिम उद्यम सञ्चालन गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ। (२) उपदफा (१) बमोजिमका बालबालिकालाई उद्यमशीलता विकाससम्बन्धी तालिम, व्यावसायिक परामर्श, प्रविधि, बजारसँगको पहुँच तथा आवश्यक अन्य सहयोग उपलब्ध गराउन मन्त्रालयले सम्बन्धित निकाय तथा प्रदेश र स्थानीय तहसँगको समन्वयमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ। (३) यस दफाबमोजिम उद्यम सञ्चालन गर्ने बालबालिकालाई शिक्षा, स्वास्थ्य, सुरक्षा तथा विकासको अधिकारमा प्रतिकूल असर नपर्ने र यस ऐन विपरीत बालश्रमको अवस्था सिर्जना नहुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।"
१०४.	मा. परशुराम तामाङ्ग	१८	- दफा १८ झिकी दफाक्रम मिलाउनुपर्ने।
१०५.	मा. डा. प्रमिला कुमारी गछदार		
१०६.	मा. भीम कुमारी बुढामगर	२०	**<u>उपदफा (३) मा रहेका,</u>** - "एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय" भन्ने शब्दहरूका सट्टा "तीन वर्षसम्म कैद र तीन लाख रूपैयासँग जरिबाना (भन्ने शब्दहरू राख्नुपर्ने।
१०७.	मा. ऐन बहादुर महर	२०	**<u>उपदफा (१) मा रहेका,</u>** - "तीन महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "छ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "निजलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "निजलाई एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (३) मा रहेका,</u>** - "निजलाई एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "निजलाई दुई वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राख्नुपर्ने।
१०८.	मा. परशुराम तामाङ्ग	२०	**<u>उपदफा (१) मा रहेका,</u>** - "वा एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरूका सट्टा "वा एक लाख रुपैयाँ"" भन्ने शब्द राख्नुपर्ने।
१०९.	मा. अनुश्का श्रेष्ठ	२०	**<u>उपदफा (१) मा रहेका,</u>** - "तीन महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ" भन्ने शब्दहरूका सट्टा "छ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) मा रहेका,</u>** - "छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ" भन्ने शब्दहरूका सट्टा "एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (३) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ" भन्ने शब्दहरूका सट्टा "तीन वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (४) को ठाउँ ठाउँमा रहेका,</u>** - "उपदफा (१), (२) वा (३)" भन्ने शब्दहरूका सट्टा "उपदफा (१), (२), (३) वा (५)" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (४) पछि देहायका उपदफाहरू थप गर्नुपर्ने</u>**:- "(५) कसैले दफा ३ को उपदफा (४) विपरीत बालबालिकालाई निकृष्ट प्रकारको बालश्रममा लगाएमा निजलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना हुनेछ। (६) यस दफा बमोजिमको कसुरका कारण बालबालिकाको मृत्यु भएमा वा अङ्गभङ्ग तथा स्थायी अशक्तता भएमा प्रचलित कानुनबमोजिम हुने सजायमा प्रतिकूल असर नपर्ने गरी यस ऐन बमोजिमको सजायमा थप तीन वर्षसम्म कैद हुनेछ। (७) प्रतिष्ठानले यस दफा बमोजिमको कसुर गरेमा त्यस्तो कसुर हुँदाका बखतको व्यवस्थापक समेत व्यक्तिगत रूपमा जिम्मेवार हुनेछ।"
११०.	मा. डा. प्रमिला कुमारी गछदार	२०	**<u>उपदफा (१), (२) र (३) को,-</u>** - ठाउँ ठाउँमा रहेका "सम्म" भन्ने शब्द हटाउनुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१११.	मा. ज्ञानु पौड्याल	२०	<u>दफा २० को सट्टा देहायको दफा २० राख्नुपर्ने</u>:- "२०. <u>कसुर तथा सजाय</u> : (१) कसैले दफा ३ को उपदफा (१) र उपदफा (४) विपरीत कुनै कार्य गरेमा निजलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। (२) कसैले दफा ३ को उपदफा (२) वा दफा ५ को उपदफा (२) विपरीत कुनै काम गरेमा निजलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। (३) कसैले दफा ५ को उपदफा (१) बमोजिमको काममा लगाउँदा दफा ९ को उपदफा (३) विपरीत काममा लगाएमा निजलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। (४) कसैले उपदफा (१), (२) वा (३) बमोजिम एक पटक सजाय पाईसकेपछि पनि पुनः उपदफा (१), (२) वा (३) विपरीतको कुनै काम गरेमा निजलाई पटकैपिच्छे सोही उपदफामा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।"
११२.	मा. प्रकाशचन्द्र परियार		
११३.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२०	<u>दफा २० को सट्टा देहायको दफा २० राख्नुपर्ने</u>:- "२०. <u>कसुर तथा सजाय</u> : (१) कसैले दफा ३ को उपदफा (१) र उपदफा (३) विपरीत कुनै कार्य गरेमा निजलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			(२) कसैले दफा ३ को उपदफा (२) वा दफा ५ को उपदफा (२) विपरीत कुनै काम गरेमा निजलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। (३) कसैले दफा ५ को उपदफा (१) बमोजिमको काममा लगाउँदा दफा ९ को उपदफा (३) विपरीत काममा लगाएमा निजलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।
११४.	मा. लिमा अधिकारी (आचार्य)	२०	**<u>विधेयकको दफा २० को उपदफा (३) मा रहेका,</u>** - "एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "कम्तीमा तीन वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरू राख्नुपर्ने।
११५.	मा. परशुराम तामाङ्ग	२१	**<u>दफा २१ मा रहेका,</u>** - "काम" भन्ने शब्दको सट्टा "श्रम" भन्ने शब्द राख्नुपर्ने।
११६.	मा. डा. प्रमिला कुमारी गछदार	२१	**<u>दफा २१ मा रहेका,</u>** - "कसैले दुई जना भन्दा बढी" भन्ने शब्दहरूका सट्टा "दुई वा दुईभन्दा बढी" भन्ने शब्दहरू राख्नुपर्ने, - ठाउँ ठाउँमा रहेका "काममा" भन्ने शब्दको सट्टा "श्रममा" भन्ने शब्द राख्नुपर्ने।
११७.	मा. ज्ञानु पौड्याल	२१	**<u>दफा २१ को सट्टा देहायको दफा २१ राख्नुपर्ने</u>**:- "२१. **<u>थप जरिबाना हुने</u>** : कसैलेयस ऐनको दफा ३ को उपदफा (४) बमोजिमको कार्य गरेमा वा दुई जनाभन्दा बढी बालबालिकाको समूह बनाई काममा लगाएको भएमा निजलाई

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
११८.	मा. प्रकाशचन्द्र परियार		दफा २० बमोजिमको सजायको अतिरिक्त त्यसरी काममा लगाइएका प्रत्येक बालबालिकाबापत पचास हजार रुपैयाँको दरले थप जरिबाना हुनेछ।"
११९.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२१	<u>दफा २१ को सट्टा देहायको दफा २१ राख्नुपर्ने</u>:- "२१. <u>थप जरिबाना हुने</u> : कसैले यस ऐनको दफा ३ को उपदफा (३) बमोजिमको कार्य गरेमा वा दुई जनाभन्दा बढी बालबालिकाको समूह बनाई काममा लगाएको भएमा निजलाई दफा २० बमोजिमको सजायको अतिरिक्त त्यसरी काममा लगाइएका प्रत्येक बालबालिकाबापत पचास हजार रुपैयाँको दरले थप जरिबाना हुनेछ।"
१२०.	मा. भीम कुमारी बुढामगर	२२	<u>उपदफा (२) मा रहेका,</u> - "छ महिनाभित्र" भन्ने शब्दहरूका सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राख्नुपर्ने।
१२१.	मा. भरत कुमार स्वार मा. रुक्मिणी देवी कोइराला मा. खड्ग शाही	२२	<u>उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राख्नुपर्ने</u>:- "(१) यस ऐनबमोजिमको कसुरसँग सम्बन्धित विषयमा पीडित,निजको संरक्षक वा कसुरबारे जानकारी पाउने जुनसुकै व्यक्तिले उजुरी दिन सक्ने छ। (२) उपदफा (१) बमोजिमको उजुरी, कसुर भएको मितिले वा पीडित बालबालिकाले १८ वर्ष उमेर पूरा गरेको मितिले १ (एक) वर्षभित्र तोकिएको निकाय वा अधिकारीसमक्ष दिइसक्नु पर्नेछ।"
१२२.	मा. अनुश्का श्रेष्ठ	२२	<u>उपदफा (२) मा रहेका,</u> - "छ महिनाभित्र दिइसक्नु पर्नेछ" भन्ने शब्दहरूका सट्टा "तीन वर्षभित्र दिइसक्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			<u>उपदफा (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर दफा ३ को उपदफा (३) र (४) तथा दफा ४ बमोजिमको कसुरको हकमा उजुरी दिन हदम्याद लाग्ने छैन।" <u>उपदफा (४) पछि देहायका उपदफाहरू थप गर्नुपर्ने</u>:- "(५) बालबालिका आफैंले वा निजको तर्फबाट कुनै व्यक्तिले टेलिफोन, विद्युतीय माध्यम वा बाल हेल्पलाइनमार्फत समेत उजुरी दिन सक्नेछ र त्यस्तो उजुरीलाई कार्यालय वा स्थानीय तहले लिखित उजुरीसरह अभिलेख गरी कारबाही अगि बढाउनु पर्नेछ। (६) पीडित बालबालिकाको नाम, तस्बिर, ठेगाना वा निजको परिचय खुल्ने अन्य विवरण कुनै पनि सञ्चारमाध्यममा प्रकाशन, प्रसारण वा सार्वजनिक गर्न पाइने छैन।"
१२३.	मा. क्रान्तिशिखा धिताल	२२	<u>उपदफा (२) मा रहेका,</u> - "कसुर भए गरेको वा पीडित बालबालिका अठार वर्ष उमेर पूरा गरेको मितिले छ महिनाभित्र दिइसक्नुपर्नेछ" भन्ने शब्दहरूका सट्टा "कसुर भए गरेको वा पीडित बालबालिका अठार वर्ष उमेर पूरा गरेको मितिले एक वर्षभित्र दिइसक्नुपर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१२४.	मा. डा. प्रमिला कुमारी गछदार	२२	<u>उपदफा (१) मा रहेका,</u> - "संरक्षक" भन्ने शब्दपछि "संस्था" भन्ने शब्द थप गर्नुपर्ने।
१२५.	मा. मनिष झा	२२	<u>उपदफा (१) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "कार्यालय वा स्थानीय तहमा" भन्ने शब्दहरूपछि ""मौखिक, लिखित, टेलिफोन, डिजिटल वा स्थानीय तह/श्रम कार्यालयमार्फत बालश्रमसम्बन्धी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१२६.	मा. कमल सुबेदी	२२	<u>उपदफा (२) मा रहेका,</u> - "मितिले छ महिनाभित्र" भन्ने शब्दहरूका सट्टा "मितिबाट कम्तीमा तीन वर्षसम्म" भन्ने शब्दहरू राखुपर्ने। <u>देहायको उपदफा (३) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-</u> "(३) उपदफा (२) बमोजिम उजुरी गर्ने उजुरीकर्ताको नाम, ठेगाना र व्यक्तिगत विवरण गोप्य राख्ने, प्रतिशोध वा बदला लिन नपाइने (non-retaliation) तथा बालबालिकाको उजुरीका लागि निःशुल्क कानुनी सहायता र बालमैत्री प्रक्रिया सुनिश्चित गर्नु पर्नेछ।"
१२७.	मा. ज्ञानु पौड्याल	२२	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>ः- "(१) कुनै रोजगारदाताले यस ऐनविपरीत स्थानीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठान वा हलुका काममा बालबालिकालाई काममा लगाएमा सम्बन्धित स्थानीय तहमा, सङ्घीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठानका हकमा कार्यालयमा र अनौपचारिक वा जोखिमपूर्ण बालश्रमका हकमा नेपाल प्रहरीको सम्बन्धित स्थानीय कार्यालयमा पीडित बालबालिका स्वयं वा निजको बाबु, आमा, अभिभावक, संरक्षक वा अन्य जुनसुकै व्यक्ति, निकाय वा संस्थाले सो बेहोरा खुलाई नेपाल प्रहरीको सम्बन्धित स्थानीय कार्यालय, सम्बन्धित स्थानीय तह वा कार्यालयमा उजुरी दिन सक्नेछ।"
१२८.	मा. प्रकाशचन्द्र परियार		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१२९.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२२	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>ः- "(१) कुनै रोजगारदाताले यस ऐन विपरीत बालबालिकालाई काममा लगाएमा पीडित बालबालिका वा निजको बाबु, आमा, अभिभावक, संरक्षक वा अन्य जुनसुकै व्यक्ति, निकाय वा संस्थाले सो बेहोरा खुलाई सम्बन्धित स्थानीय तहमा उजुरी दिन सक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो उजुरीको प्रकृतिअनुसार देहायबमोजिम आवश्यक कारबाहीका लागि पठाउनु पर्नेछः- (क) स्थानीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठान वा हलुका कामसम्बन्धी उजुरीका हकमा प्रारम्भिक सुनुवाइ तथा आवश्यक मेलमिलापका लागि सात दिनभित्र सम्बन्धित स्थानीय न्यायिक समितिमा पठाउनु पर्नेछ, (ख) सङ्घीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठानसम्बन्धी उजुरीका हकमा आवश्यक कारबाहीका लागि सात दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ, (ग) अनौपचारिक क्षेत्र वा अनुसूची-१ बमोजिमको जोखिमपूर्ण बालश्रमसम्बन्धी उजुरीका हकमा आवश्यक कारबाहीका लागि उजुरी प्राप्त हुने बित्तिकै तत्काल सम्बन्धित नेपाल प्रहरीको कार्यालयमा पठाउनु पर्नेछ।" <u>उपदफा (३) को सट्टा देहायको नयाँ उपदफा (३) राख्ने</u>ः- "(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनौपचारिक क्षेत्र वा अनुसूची-१ बमोजिमको जोखिमपूर्ण बालश्रमसम्बन्धी उजुरी पीडित बालबालिका वा निजको बाबु, आमा, अभिभावक, संरक्षक वा अन्य कुनै व्यक्ति, निकाय वा संस्थाले सम्बन्धित नेपाल प्रहरीको कार्यालयमा सोझै दिन सक्नेछ।"
१३०.	मा. गणेश कार्की	दफा थप	<u>विधेयकको दफा २२ पछि देहायको दफा २२क थप गर्नुपर्ने</u>ः-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"२२क. <u>बालबालिकाको राय सुन्ने अधिकार</u> : (१) यस ऐनबमोजिम गरिने उद्धार, संरक्षण, पुनर्स्थापना, वैकल्पिक हेरचाह वा अन्य कुनै निर्णय गर्दा बालबालिकाको उमेर र परिपक्वता अनुसार निजको राय सुन्नु पर्नेछ। (२) बालबालिकाको सर्वोत्तम हितको निर्धारण गर्दा निजले व्यक्त गरेको रायलाई उचित महत्व दिइनेछ।"
१३१.	मा. परशुराम तामाङ्ग	२४	<u>दफा २४ मा रहेका,</u> - "मनासिब" भन्ने शब्दको सट्टा "पीडितलाई क्षतिपूर्ति जरिबाना कै रकम बराबर क्षतिपूर्ति भराई दिने" भन्ने शब्दहरू राख्नुपर्ने।
१३२.	मा. मनिष झा	२४	<u>विधेयकको दफा २४ को सट्टा देहायका दफा २४ राख्नुपर्ने</u>:- "२४. <u>क्षतिपूर्ति भराइदिने</u> : यस ऐन विपरीत काममा लगाइएको पीडित बालबालिकालाई रोजगारदाताबाट उपचार खर्च, बक्यौता पारिश्रमिक, शिक्षा तथा पुनर्स्थापना खर्च तथा बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य विकास र परिवारमा पुगेको हानि समेतको विचार गरी दफा २० बमोजिमको कसुरको हकमा अदालतले र दफा २३ को उपदफा (१) बमोजिमको जरिबानाको हकमा कार्यालयको प्रमुखले मनासिब क्षतिपूर्ति रोजगारदाताबाट भराइ दिनु पर्नेछ । <u>स्पष्टीकरण</u> : बालबालिकाको दाबीलाई निजको अभिभावक वा कानुनी प्रतिनिधिले मात्र नभई सम्बन्धित स्थानीय तह वा बाल संरक्षण अधिकारीले समेत अगि बढाउन सक्नेछ।"
१३३.	मा. कमल सुबेदी	२४	<u>दफा २४ मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "मानसिक स्वास्थ्य विकास" भन्ने शब्दहरूपछि ",आयको क्षति, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना तथा पुनःशिक्षा/सिप विकास" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "कार्यालयको प्रमुखले" भन्ने शब्दहरूपछि रहेको "मनासिब" भन्ने शब्दको सट्टा "प्रभावकारी, शीघ्र र पीडितकेन्द्रित" भन्ने शब्दहरू राख्नुपर्ने।
१३४.	मा. ज्ञानु पौड्याल	२४	<u>दफा २४ को सट्टा देहायको दफा २४ राख्नुपर्ने</u>:- "२४. <u>क्षतिपूर्ति भराइदिने</u> : यस ऐनविपरीत काममा लगाइएको पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारलाई पुगेको हानिसमेतलाई विचार गरी दफा २० बमोजिमको कसुरको हकमा अदालतले र दफा २३ को उपदफा (१) बमोजिमको जरिबानाको हकमा स्थानीय तहको न्यायिक समितिले रोजगारदाताबाट तोकिएको मापदण्ड बमोजिमको मनासिब क्षतिपूर्ति भराइदिनु पर्नेछ। <u>स्पष्टीकरणः</u> यसरी मापदण्ड तोक्दा काममा लगाइएको अवधिको प्रचलित कानुन बमोजिमको न्यूनतम पारिश्रामिकको कम्तीमा दोब्बर बराबर हुन आउने रकमभन्दा कम गर्न पाइने छैन।"
१३५.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
१३६.	मा. प्रकाशचन्द्र परियार		
१३७.	मा. कमल सुबेदी	२५	<u>देहायको उपदफा (२) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने</u>:- "(२) उपदफा (१) बमोजिमको अनुसन्धान तथा अभियोजनमा बालबालिकाको बालमैत्री न्याय प्रणाली, प्रमाण संरक्षण, पीडितको पहिचान गोपनीयता, दोहोरो बयानबाट संरक्षण तथा आवश्यक परे भिडियो/विशेष माध्यमबाट बयान लिन सकिनेछ।"
१३८.	मा. ज्ञानु पौड्याल		<u>उपदफा (१) पछि देहायका खण्डहरू थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१३९.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२५	"(क) दफा १७ बमोजिमको निरीक्षण प्रतिवेदनबाट रोजगारदाताले दफा २० को उपदफा (१) र अनौपचारिक क्षेत्रमा यो ऐन विपरीतको कार्य गरी सजाय हुन सक्ने कसुर गरेको देखिएमा सम्बन्धित नेपाल प्रहरीको कार्यालयको प्रमुखले कार्यालयको अनुसन्धान अधिकृत तोक्नेछ र त्यस्तो अनुसन्धान अधिकृतले प्रचलित कानुनबमोजिम अनुसन्धानको कार्य सम्पन्न गर्नेछ। (ख) दफा १७ बमोजिमको निरीक्षण प्रतिवेदनबाट रोजगारदाताले दफा २० को उपदफा (२) र (३) बमोजिम सङ्घीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठानमा यस ऐनविपरीतको कार्य गरी सजाय हुन सक्ने कसुर गरेको देखिएमा सम्बन्धित कार्यालयले राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीलाई अनुसन्धान अधिकृत तोक्नेछ र त्यस्तो अनुसन्धान अधिकृतले प्रचलित कानुनबमोजिम अनुसन्धानको कार्य सम्पन्न गर्नेछ। (ग) दफा १७ बमोजिमको निरीक्षण प्रतिवेदनबाट रोजगारदाताले दफा २० को उपदफा (१) र (२) बमोजिम स्थानीय सरकार मातहतका औपचारिक क्षेत्र, उद्योग तथा प्रतिष्ठान वा हलुका काममा यस ऐनविपरीतको कार्य गरी सजाय हुन सक्ने कसुर गरेको देखिएमा सम्बन्धित स्थानीय तहले बाल कल्याण अधिकारीलाई अनुसन्धान अधिकृत तोक्न सक्नेछ र त्यस्तो अनुसन्धान अधिकृतले प्रचलित कानुनबमोजिम अनुसन्धानको कार्य सम्पन्न गर्नेछ।"
१४०.	मा. प्रकाशचन्द्र परियार		
१४१.	मा. लिमा अधिकारी (आचार्य)	२५	<u>विधेयकको दफा २५ को उपदफा (१) मा रहेको,</u> - प्रतिबन्धात्मक वाक्यांश झिक्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१४२.	मा. ज्ञानु पौड्याल	२६	<u>उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राख्नुपर्ने</u>:- "(१) दफा २५ को उपदफा (१) को खण्ड (क) र (ख) (पछि थप गरिएको खण्ड) बमोजिम कसुरको अनुसन्धान सम्पन्न भई मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित प्रमाण सहितको मिसिल सम्बन्धित सरकारी वकिल कार्यालयसमक्ष पेस गर्नु पर्नेछ। (२) दफा २५ को उपदफा (१) को खण्ड (ग) बमोजिम कसुरको अनुसन्धान सम्पन्न भई मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृतले स्थानीय तहको समाजसेवी तथा बालमनोविज्ञको राय प्रतिवेदनसहित अनुसन्धानसँग सम्बन्धित प्रमाण सहितको मिसिल सम्बन्धित स्थानीय तहको न्यायिक समितिसमक्ष पेस गर्नु पर्नेछ।"
१४३.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
१४४.	मा. प्रकाशचन्द्र परियार		
१४५.	मा. परशुराम तामाङ्ग	२७	<u>विधेयकको दफा २७ मा रहेका,</u> - "जिल्ला अदालत" भन्ने शब्दहरूका सट्टा "श्रम अदालत" भन्ने शब्दहरू राखुपर्ने।
१४६.	मा. कमल सुबेदी	२७	<u>दफा २७ मा रहेका,</u> - "जिल्लाको जिल्ला अदालतले" भन्ने शब्दहरूपछि "बालमैत्री, शीघ्र र प्रभावकारी न्यायिक प्रक्रिया सुनिश्चित हुने गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१४७.	मा. ज्ञानु पौड्याल	२८	<u>देहायको उपदफा (१) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने</u>:- "(१) दफा २२ को उपदफा (३) बमोजिमको उजुरी माथिको सुनुवाइ उपर चित्त नबुझ्ने पक्षले फैसला भएको मितिले पैँतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।"
१४८.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
	मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
१४९.	मा. प्रकाशचन्द्र परियार		
१५०.	मा. ज्ञानु पौड्याल	दफा थप	<u>विधेयकको दफा २९ पछि देहायको दफा २९क. थप गर्नुपर्ने</u>:- "२९क. <u>योग्य नमानिने</u> : सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्ति तथा सार्वजनिक पद धारण गरेका व्यक्तिले बालबालिकालाई यस ऐनको दफा ३ को उपदफा (१) बमोजिम बाल कामदार राखेको ठहरेमा निजलाई प्रचलित कानुन बमोजिम बर्खास्त गरी कसुरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो सार्वजनिक वा निजी संघ, संस्थामा नियुक्त, मनोनीत वा निर्वाचित हुन दश वर्षसम्म योग्य मानिने छैन।"
१५१.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		
१५२.	मा. प्रकाशचन्द्र परियार		
१५३.	मा. कमल सुबेदी	३१	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिमको राष्ट्रिय बालश्रम निवारण समितिमा सरकारका अतिरिक्त श्रमिक संगठन, रोजगारदाता संगठन, बाल अधिकार संस्था, स्थानीय तह, शिक्षा/स्वास्थ्य क्षेत्र तथा बालश्रम उन्मूलनसम्बन्धी विज्ञको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनेछ। साथै समितिमा बालबालिकाको हित प्रतिनिधित्व हुने व्यवस्थासमेत गरिनेछ।" <u>देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			"(४) राष्ट्रिय बालश्रम निवारण समितिले प्रत्येक वर्ष बालश्रमसम्बन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ र सङ्घ, प्रदेश तथा स्थानीय तहमा बालश्रमको अवस्था, उद्धार, पुनर्स्थापना, निरीक्षण, उजुरी र अभियोजनसम्बन्धी तथ्याङ्क सार्वजनिक गर्नु पर्नेछ।"
१५४.	मा. रमेश कुमार मल्ल	३१	**<u>उपदफा (२) मा रहेका,</u>** - "श्रमिक सङ्गठन" भन्ने शब्दहरूका सट्टा "ट्रेड युनियन" भन्ने शब्दहरू राख्नुपर्ने।
१५५.	मा. कमल सुबेदी	३२	**<u>उपदफा (१) मा रहेका,</u>** - "उद्धार, राहत, पुनर्स्थापना लगायत बालबालिकाको सर्वोत्तम हितका" भन्ने शब्दहरूका सट्टा "उद्धार, राहत, शिक्षा, स्वास्थ्य, पुनर्स्थापना, पुनःएकीकरण तथा सिप विकास मात्रका" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) मा देहायको खण्ड (घ) थप गर्नपर्नेः-</u>** "(घ) जरिबाना तथा अन्य स्रोतबाट प्राप्त रकम।"
१५६.	मा. लिमा अधिकारी (आचार्य)	३२	**<u>उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गर्नुपर्नेः-</u>** "(घ) दफा २० र २३ बमोजिम कसुरदार रोजगारदाताबाट असुल गरिने जरिबाना तथा क्षतिपूर्तिको पचास प्रतिशत रकम।"
१५७.	मा. ज्ञानु पौड्याल	३४	**<u>उपदफा (२) को सट्टा देहायका उपदफा (२) राख्नुपर्नेः-</u>** "(२) उपदफा (१) बमोजिम स्थानीय तहले अभिलेख गरेको सूचना तथा तथ्याङ्क प्रत्येक त्रैमासिक रूपमा सम्बन्धित प्रदेशको बालश्रमसम्बन्धी विषय हेर्ने मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्नेछ।"
१५८.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
	मा. सुजाता तामाङ		
१५९.	मा. प्रकाशचन्द्र परियार		
१६०.	मा. गणेश कार्की	३५	<u>विधेयकको दफा ३५ को सट्टा देहायका दफा ३५ राख्नुपर्ने</u>:- "३५. <u>अनुसूचीमा हेरफेर गर्नसक्ने</u> : अनुसूची-१ वा अनुसूची-२ मा संशोधन गर्नुअगि मन्त्रालयले राष्ट्रिय बाल अधिकार परिषद्, बाल मनोविज्ञान, बाल स्वास्थ्य, शिक्षा तथा श्रमसम्बन्धी विषयका कम्तीमा एक/एक जना विज्ञको राय लिनु पर्नेछ।"
१६१.	मा. कमल सुबेदी	३७	<u>दफा ३७ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर यसरी नियम, निर्देशिका वा मापदण्ड बनाउँदा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम तथा बाल अधिकारसम्बन्धी महासन्धि, संविधान, बालबालिकासम्बन्धी कानुन तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुकूल हुने गरी बनाउनु पर्नेछ।"
१६२.	मा .डा. प्रमिला कुमारी गछदार	अनुसूची-१	<u>अनुसूची-१ (हलुका किसिमको कामहरू) को "हलुका किसिमका कामको विवरण" अन्तर्गतको "(क) कृषि तथा पशुपालनसम्बन्धी काम" शीर्षकमा क्र.सं. ५ पछि देहायको क्र.सं. ६ थप गर्नुपर्ने</u>:- "६ तरकारी टिप्ने, प्याकिङ गर्ने।" <u>देहायको विषय थप गर्नुपर्ने</u>:- - बालबालिकालाई सामान्य व्यापारिक काममा लगाउँदा मद्यपान, धुमपान तथा सुर्तीजन्य पदार्थको बिक्रीवितरण गर्न पूर्ण रूपमा निषेध गरिने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
१६३.	मा. ज्ञानु पौड्याल	अनुसूची	**<u>विधेयकको अनुसूची-१ लाई अनुसूची-२ र अनुसूची-२ लाई अनुसूची-१ बनाई देहायबमोजिम संशोधन गर्नुपर्नेः-</u>** **<u>विधेयकको अनुसुची-१ (अब कायम हुने अनुसूची-२) मा संशोधन</u>** **हलुका किसिमका कामहरूमा थप गर्नुपर्नेः-** (क) बाल कलाकार (ख) बाल खेलाडी (ग) साविकको खण्ड (ग) मा थप गर्नुपर्नेः- १. स्थानीय कला तथा हस्तकलासम्बन्धी सजावट, वर्गीकरण तथा प्याकिङमा सहयोग गर्ने। २. पुनःप्रयोग गर्न मिल्ने सामग्रीबाट सिर्जनात्मक सामग्री तयार गर्ने। (घ) साविकको खण्ड (घ) मा थप गर्ने : १. सामानको मूल्यसूची वा लेबल मिलाउने। २. कम्प्युटर, ल्यापटप, मोबाइल वा अन्य विद्युतीय उपकरणमार्फत टाइपिङ, डिजाइनिङ, प्रोग्रामिङ, सफ्टवेयरसम्बन्धी कार्य तथा सिर्जना वा अभिलेखीकरणसम्बन्धी कार्य गर्ने। ३. पन्ध्र वर्ष उमेर पूरा गरेका बालबालिकालाई अनुसूची-२ बमोजिमका जोखिमपूर्ण काममा बाहेक, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) अन्तर्गतको सम्बन्धित तालिम प्राप्त गरेपछि सिप तथा दक्षताअनुसारका काम। ४. आफ्नो अध्ययनसँग सम्बन्धित कार्यालय, संस्था वा प्रतिष्ठानमा ऐन बमोजिम तोकिएको समयावधिमा इन्टर्नसिप वा ओजेटी।
१६४.	मा. प्रकाशचन्द्र परियार		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			५. बालबालिकाको हितसँग सम्बन्धित सङ्घ संस्था, विद्यालयमा प्रिन्ट, फोटोकपी तथा स्क्यानसम्बन्धी सामान्य सहयोग गर्ने, कम्प्युटरमा सामान्य टाइपिङ तथा तथ्याङ्क वर्गीकरण गर्ने र फाइलिङ र अभिलेखिकरण गर्ने कार्य। **- साविकको खण्ड (क), (ख) र (ङ) झिक्नुपर्ने।** **विधेयकको अनुसूची-२ (अब कायम हुने अनुसूची-१) मा संशोधनः-** **<u>जोखिमपूर्ण श्रमहरू थप गर्नुगर्नेः-</u>** (क) चुरोट, मदिरा लगायत स्वास्थ्यका लागि हानिकारक वस्तुको बिक्री, वितरण वा सेवन हुने होटल, रेष्टुराँ, रिसोर्ट, क्याफे वा यस्तै प्रकृतिका प्रतिष्ठानमा श्रमिकका रूपमा काममा लगाउने, (ख) भरियालगायत भारी बोकी गर्नुपर्ने श्रम, (ग) वयस्कका लागि लक्षित सिनेमा, चलचित्र वा अन्य श्रव्यदृश्य सामग्रीमा बाल कलाकारका रूपमा काममा लगाउने, (घ) ग्राहकबाट दुर्व्यवहार, हिंसा वा अन्य शारीरिक तथा मानसिक जोखिमको उच्च सम्भावना भएका काममा लगाउने, (ङ) सुरक्षा गार्डको काम। **- <u>देहायबमोजिम संसोधन गर्नुपर्नेः-</u>** १. बुदाँ ३ को (ख) मा उल्लिखित "तीन हजार मिटरमाथिको" भन्ने शब्दहरूका सट्टा "उच्च हिमाली तथा प्रतिकूल भौगोलिक वा मौसमी अवस्था भएका क्षेत्रमा" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			२. बुँदा १ को (घ) मा भवन, सडक, पुल, सुरुङ तथा जलविद्युत् आयोजनाको निर्माणस्थलमा काम गर्ने थप गर्ने। ३. बुँदाको (ट) मा विद्युत् पोलमा चढ्ने वा विद्युत् लाइन मर्मत गर्ने थप गर्ने। ४. बुँदा ३ को (ग) मा डेलिभरी राइडर वा कुरियरका रूपमा सडकमा काम गर्ने थप गर्ने। ५. बुँदा ४ को (ङ) मा उच्च हिमाली क्षेत्रको प्रतिकूल मौसम, अक्सिजन कम भएको ठाउँमा यार्सागुम्बा लगायतका जडीबुटी सङ्कलन गर्ने काम राख्ने। ६. बुँदा ५ को (ग) मा घरेलु कामदारको रूपमा संलग्न हुने काम मात्रै राख्ने। ७. बुँदा ६ को (ग) मा बालबालिकाको जीवन, स्वास्थ्य, सुरक्षा, शारीरिक वा मानसिक विकासमा गम्भीर जोखिम उत्पन्न गर्ने, विषाक्त, संक्रामक, विस्फोटक, ज्वलनशील वा जैविक पदार्थसँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्नुपर्ने, तोकिएको सीमाभन्दा बढी अत्यधिक तापक्रम वा तोकिएको सीमाभन्दा कम अति न्यून तापक्रम, धुलो, धुवाँ, अत्यधिक आवाज, कम्पन वा विकिरणमा काम गर्नुपर्ने तथा प्रचलित कानुनबमोजिम जोखिमपूर्ण भनी तोकिएका अन्य काम।
१६५.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. रन्जु न्यौपाने मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	अनुसूची	**<u>विधेयकको अनुसूची-१ लाई अनुसूची-२ र अनुसूची-२ लाई अनुसूची-१ बनाई देहायबमोजिम संशोधन गर्नुपर्नेः-</u>** **<u>विधेयकको अनुसुची-१ (अब कायम हुने अनुसूची-२) मा संशोधन</u>** **हलुका किसिमका कामहरूमा थप गर्नुपर्नेः-** (क) बाल कलाकार (ख) बाल खेलाडी

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			(ग) साविकको खण्ड (ग) मा थप गर्नुपर्ने :- १. स्थानीय कला तथा हस्तकलासम्बन्धी सजावट, वर्गीकरण तथा प्याकिङमा सहयोग गर्ने । २. पुनःप्रयोग गर्न मिल्ने सामग्रीबाट सिर्जनात्मक सामग्री तयार गर्ने । (घ) साविकको खण्ड (घ) मा थप गर्ने :- १. सामानको मूल्यसूची वा लेबल मिलाउने । २. कम्प्युटर, ल्यापटप, मोबाइल वा अन्य विद्युतीय उपकरणमार्फत टाइपिङ, डिजाइनिङ, प्रोग्रामिङ, सफ्टवेयरसम्बन्धी कार्य तथा सिर्जना वा अभिलेखीकरणसम्बन्धी कार्य गर्ने । ३. सोह्र वर्ष उमेर पूरा गरेका बालबालिकालाई अनुसूची-२ बमोजिमका जोखिमपूर्ण काममा बाहेक, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) अन्तर्गतको सम्बन्धित तालिम प्राप्त गरेपछि सिप तथा दक्षताअनुसारका काम । ४. आफ्नो अध्ययनसँग सम्बन्धित कार्यालय, संस्था वा प्रतिष्ठानमा ऐन बमोजिम तोकिएको समयावधिमा इन्टर्नसिप वा ओजेटी । ५. बालबालिकाको हितसँग सम्बन्धित सङ्घ संस्था, विद्यालयमा प्रिन्ट, फोटोकपी तथा स्क्यानसम्बन्धी सामान्य सहयोग गर्ने, कम्प्युटरमा सामान्य टाइपिङ तथा तथ्याङ्क वर्गीकरण गर्ने र फाइलिङ र अभिलेखिकरण गर्ने कार्य । **- साविकको खण्ड (क), (ख) र (ङ) झिक्नुपर्ने ।** **विधेयकको अनुसूची-२ (अब कायम हुने अनुसूची-१) मा संशोधनः-** **<u>जोखिमपूर्ण श्रमहरू थप गर्नुगर्नेः-</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			(क) चुरोट, मदिरा लगायत स्वास्थ्यका लागि हानिकारक वस्तुको बिक्री, वितरण वा सेवन हुने होटल, रेष्टुराँ, रिसोर्ट, क्याफे वा यस्तै प्रकृतिका प्रतिष्ठानमा श्रमिकका रूपमा काममा लगाउने, (ख) भरियालगायत भारी बोकी गर्नुपर्ने श्रम, (ग) वयस्कका लागि लक्षित सिनेमा, चलचित्र वा अन्य श्रव्यदृश्य सामग्रीमा बाल कलाकारका रूपमा काममा लगाउने, (घ) ग्राहकबाट दुर्व्यवहार, हिंसा वा अन्य शारीरिक तथा मानसिक जोखिमको उच्च सम्भावना भएका काममा लगाउने, (ङ) सुरक्षा गार्डको काम। - <u>देहायबमोजिम संसोधन गर्नुपर्नेः-</u> १. बुदाँ ३ को (ख) मा उल्लिखित "तीन हजार मिटरमाथिको" भन्ने शब्दहरूका सट्टा "उच्च हिमाली तथा प्रतिकूल भौगोलिक वा मौसमी अवस्था भएका क्षेत्रमा" भन्ने शब्दहरू राख्नुपर्ने। २. बुँदा १ को (घ) मा भवन, सडक, पुल, सुरुङ तथा जलविद्युत् आयोजनाको निर्माणस्थलमा काम गर्ने थप गर्ने। ३. बुँदाको (ट) मा विद्युत् पोलमा चढ्ने वा विद्युत् लाइन मर्मत गर्ने थप गर्ने। ४. बुँदा ३ को (ग) मा डेलिभरी राइडर वा कुरियरका रूपमा सडकमा काम गर्ने थप गर्ने। ५. बुँदा ४ को (ङ) मा उच्च हिमाली क्षेत्रको प्रतिकूल मौसम, अक्सिजन कम भएको ठाउँमा यार्सागुम्बा लगायतका जडीबुटी सङ्कलन गर्ने काम राख्ने। ६. बुँदा ५ को (ग) मा घरेलु कामदारको रूपमा संलग्न हुने काम मात्रै राख्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			७. बुँदा ६ को (ग) मा बालबालिकाको जीवन, स्वास्थ्य, सुरक्षा, शारीरिक वा मानसिक विकासमा गम्भीर जोखिम उत्पन्न गर्ने, विषाक्त, संक्रामक, विस्फोटक, ज्वलनशील वा जैविक पदार्थसँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्नुपर्ने, तोकिएको सीमाभन्दा बढी अत्यधिक तापक्रम वा तोकिएको सीमाभन्दा कम अति न्यून तापक्रम, धुलो, धुवाँ, अत्यधिक आवाज, कम्पन वा विकिरणमा काम गर्नुपर्ने तथा प्रचलित कानुनबमोजिम जोखिमपूर्ण भनी तोकिएका अन्य काम।
१६६.	मा. लिमा अधिकारी (आचार्य)	अनुसूची-१	**<u>अनुसूची-१ को,-</u>** **<u>अनुसूची शीर्षकमा रहेका,</u>** - "हलुका किसिमका कामहरू" भन्ने शब्दहरूका सट्टा "गैर-व्यावसायिक हलुका सिपमूलक अभ्यास तथा बालविकास सम्बन्धी कार्यहरू" भन्ने शब्दहरू राखुपर्ने। **<u>तालिकाको दोस्रो स्तम्भ को स्तम्भ शीर्षकमा रहेका,</u>** - "हलुका किसिमका कामको विवरण" भन्ने शब्दहरूका सट्टा "गैर-व्यावसायिक हलुका सिपमूलक अभ्यासको विवरण" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>तालिकाको खण्ड (क) को क्र.सं. १ को "सर्त वा सुरक्षा उपाय"मा रहेका,</u>** - "वयस्क व्यक्तिको निगरानीमा" भन्ने शब्दहरूका सट्टा "वयस्क व्यक्तिको प्रत्यक्ष निगरानीमा रासायनिक विषादी र कडा औजारबिना" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>तालिकाको खण्ड (क) को क्र.सं. ५ को सट्टा देहायको क्र.सं. ५ राख्नुपर्नेः-</u>** "५. अन्नबालीको रेखदेख र जल सिँचाइ गर्ने। कुनै पनि रासायनिक मल, कीटनाशक विषादी वा विद्युतीय पम्प चलाउन नपाइने गरी" **<u>तालिकाको खण्ड (ख) को क्र.सं. २ को "सर्त वा सुरक्षा उपाय"मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "आगो वा तातो ग्याँस चलाउन नपाइने गरी" भन्ने शब्दहरूका सट्टा "आगो, तातो ग्याँस, विद्युतीय उपकरण वा धारिला औजार चलाउन नपाइने गरी" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>तालिकाको खण्ड (ख) को क्र.सं. ३ को "सर्त वा सुरक्षा उपाय"मा रहेका,</u>** - "वयस्कको उपस्थितिमा" भन्ने शब्दहरूका सट्टा "वयस्क अभिभावकको अनिवार्य उपस्थितिमा (निजी तथा व्यावसायिक बालस्याहार केन्द्रबाहेक)" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>तालिकाको खण्ड (ख) को क्र.सं. ४ को सट्टा देहायको क्र.सं. ४ राख्नुपर्नेः-</u>** "४. वासिङ्ग मेसिनबाट लुगा धुने। अभिभावकको रोहबरमा सञ्चालन सम्बन्धी पूर्व-तालिम र विद्युतीय सुरक्षा (Earth/Shock Proof) सुनिश्चित गरेर मात्र" **<u>तालिकाको खण्ड (ख) को क्र.सं. ६ को सट्टा देहायको क्र.सं. ६ राख्नुपर्नेः-</u>** "६. सामान्य हातले कुटानी, पिसानीसम्बन्धी कार्य गर्ने। विद्युतीय वा भारी मेसिनरी प्रयोग गर्न नपाइने गरी र गह्रौं भार नपर्ने गरी" **<u>तालिकाको खण्ड (ग) को क्र.सं. ४ को "सर्त वा सुरक्षा उपाय" मा रहेका,</u>** - "सिलाई मेसिन प्रयोग नगरी" भन्ने शब्दहरूका सट्टा "हातले गर्ने काममा मात्र (विद्युतीय वा भारी सिलाई मेसिन प्रयोग नगरी)" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>तालिकाको खण्ड (घ) को क्र.सं. ३ को सट्टा देहायको क्र.सं. ३ राख्नुपर्नेः-</u>** "३. व्यावसायिक पसल/प्रतिष्ठान बाहेक अभिभावकको पसलमा हलुका सामान बिक्री वितरण गर्ने। हलुका किसिमका सामान मात्र र विद्यालय समय बाहेक" **<u>तालिकाको खण्ड (घ) को क्र.सं. ६ को "सर्त वा सुरक्षा उपाय"मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/दफा/ अनुसूची	संशोधनको बेहोरा
			- "रात्रीकालीन समयबाहेक र सुरक्षित वातावरणमा" भन्ने शब्दहरूका सट्टा "रात्रीकालीन समय (साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म) बाहेक, विद्यालय समयबाहेक र मानसिक/लैङ्गिक रूपमा पूर्ण सुरक्षित वातावरणमा" भन्ने शब्दहरू शब्दहरू राख्नुपर्ने। **<u>तालिकाको खण्ड (ङ) को क्र.सं. ४ को "सर्त वा सुरक्षा उपाय"मा रहेका,</u>** - "रात्रीकालीन समयबाहेक र सुरक्षित वातावरणमा" भन्ने शब्दहरूका सट्टा "रात्रीकालीन समयबाहेक, निजको पढाइमा बाधा नपुग्ने गरी, बाबु-आमा वा अभिभावकको लिखित स्वीकृति र स्थानीय तहको पूर्व-स्वीकृतिमा मात्र" भन्ने शब्दहरू राख्नुपर्ने।
१६७.	मा. कमल सुबेदी	अनुसूची-२	**<u>अनुसूची-२ को बुँदा नम्बर ६. (अन्य जोखिमपूर्ण काम वा व्यवसाय) मा देहायको खण्ड (घ) थप गर्नपर्नेः-</u>** "(घ) ILO Convention No. १८२ तथा Recommendation No. १९० का आधारअनुसारका कामहरू।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. १६७ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख